# औरही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

www.aurahimunmahottari.gov.np
aurahimunmahottari@gmail.com


प.सं.:२०८२/८३
च.नं.: ६२८

सवारी साधन भाडामा लिने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०८२।०९।०८)

यस कार्यालयलाई आ.ब.२०८२/८३ मा कार्यालयको कामकाजका लागि कार्यालयले इन्धनको व्यवस्था गर्ने गरी सवारी साधन भाडामा लिने निर्णय भएकोले के कति दररेटमा सवारी साधन (ईन्धन बाहेक) भाडामा उपलब्ध गराउन सकिने हो आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र पेश गर्न हुन अनुरोध गरिन्छ । पेश भएका शिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले ७ दिन पछी (मिति २०८१।०८।१७) बिहान ११:०० बजे खोलिनेछ । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन ११:०० बजे खोलिनेछ ।

शिलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्ने कागजातहरु:

१. सवारी नविकरण भएको ब्लुबुकको प्रतिलिपि १ प्रति
२. सवारी चालकको नविकरण भएको चालक अनुमतिपत्रको प्रतिलिपि १ प्रति
३. चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
४. बिमा भएको प्रमाणको प्रतिलिपि प्रति

न्यूनतम शर्तहरु :-

- सवारी साधन राम्रो कन्डिसनको हुनु पर्नेछ ।
- सवारी चालकको तलब भत्ता, खानेबस्ने व्यवस्था, खाजा नास्ता खर्चको व्यवस्था सवारी धनीले गर्नु पर्नेछ ।
- सवारी साधनको मर्मत संभार र सर्भिसिङ्गको व्यवस्था सवारी धनी स्वयमले गर्नुपर्नेछ ।
- सवारी भाडामा लिए पश्चात सवारी साधन २४ घण्टा कार्यालयको नियन्त्रणमा रहनेछ ।
- कार्यालयको अनुमति बिना अन्य प्रयोजनमा सवारी साधन प्रयोग गर्न पाईने छैन ।
- प्रस्तावित रकममा १० प्रतिशत बहाल कर कट्टा गरिनेछ ।
- सवारी बिग्रिएर सेवा दिन असमर्थ भएमा वैकल्पिक सवारीको व्यवस्था गर्ने जिम्मेवारी सवारी धनीको हुनेछ । अन्यथा उक्त अवधी भरको दिनगन्तीका हिसाबले रकम कट्टा गरिनेछ ।
- कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका शिलबन्दी दरभाउपत्रहरु पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयको हुनेछ ।
- उल्लेख नभएका शर्तको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
- थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

श्री सूचना तथा प्रविधि शाखा न.पा. को वेवसाईटमा अपलोड गरी दिनु हुन सम्बन्धमा ।

२०८२.०९.०८

..............................
सुशील प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत